राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

वर्ष– २५, अङ्क– २, साउन १७ गते शुक्रबार, २०७६ (2 August, 2019) www.janajibro.com मूल्य रू. १०/–

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

## पार्टी एकतामा अनेकौं चुनौती

### कर्माचार्यको स्मृतिमा के-के भने प्रचण्डले ?

■ जनजिब्रो संवाददाता—

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टी एकताका असाधारण पहल कदमीलाई विभिन्न चुनौतीको घेरा तोड्दै अन्तिम चरणमा पुऱ्याउन सफल भएको बताएका छन् ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्माचार्यको छैटौं स्मृति दिवसका सन्दर्भमा अघिल्लो बिहीबार पार्टी कार्यालय धुम्बाराहीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले एकताका क्रममा आइपरेका चुनौती र घेरा पार गरी माथिदेखि तलसम्मका काम अन्तिम चरणमा पुऱ्याइएको बताएका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले जनविश्वास कायम राख्दै नेपालबाट समाजवादको नयाँ धारा, मोडल र सिस्टम दुनियाँलाई दिन सक्नु पर्नेमा जोड दिए ।




पार्टी एकतालाई अझ सुदृढ गर्ने र सरकारका कामलाई प्रभावकारी बनाएर देश र दुनियाँलाई नेपालबाट समाजवादको नयाँ मोडल दिने संकल्प गर्नु नै कर्माचार्यप्रति सच्चा श्रद्धाञ्जलि हुने अध्यक्ष प्रचण्डको टिप्पणी थियो ।

आफूहरूले कर्माचार्यको घरमा नै बसेर जनयुद्धमा जाने निर्णय गरेको स्मरण गर्दै अध्यक्ष दाहालले उनी क्रान्तिप्रति सधैं चिन्तित रहने गरेको र पद-प्रतिष्ठाको खोजी गर्नेतर्फ कहिल्यै —क्रमशः अन्तिम पृष्ठमा

## नेकपा प्रदेश नम्बर पाँचको कार्यविभाजन

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले प्रदेश नं ५ का १२ जिल्लामा जिम्मेवारी बाँडफाँड गर्ने कामलाई सक्रिय पारेको छ ।

नेकपा रूपन्देहीको दोस्रो पूर्ण बैठकले जिल्लाका विभाग गठन गर्नुका साथै जिम्मेवारी बाँडफाँट तथा कार्यविभाजन गरेको हो ।

बैठकलाई सम्बोधन गर्दै पार्टी स्थायी कमिटी सदस्य तथा प्रदेश इन्चार्ज शङ्कर पोखरेलले पार्टी एकताको सन्देश र सङ्घीय, प्रदेश र स्थानीय तहका सरकारले गरेको जनपक्षीय कामलाई जनतामाझ पुऱ्याउन पार्टी कमिटी —क्रमशः अन्तिम पृष्ठमा

## दुवै अध्यक्षको विदेश भ्रमणले सचिवालय बैठक प्रभावित

**काठमाडौं ।** सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सपरिवार संयुक्त अरब इमिरेट्स (युएई) प्रस्थान गरेका छन् ।

मंगलबार बिहान अध्यक्ष प्रचण्ड पत्नी सीता तथा छोरीहरू रेणु र गंगासहित युएई प्रस्थान गरेका हुन् । लामो समयदेखि बिरामी रहेकी पत्नी सीताको इच्छाअनुसार ५ दिने युएई भ्रमण यो भ्रमण गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

सोमबार बसेको पार्टी केन्द्रीय सचिवालयको बैठकमा जानकारी गराएरै भएको यस भ्रमणका क्रममा अध्यक्ष प्रचण्डका कुनै पनि राजनीतिक भेटघाटका कार्यक्रम नरहेको बताइएको छ । प्रधानमन्त्री एवं अर्का अध्यक्ष केपी शर्मा ओली पनि स्वास्थपरीक्षणका लागि शनिबार सिंगापुर जाने कार्यक्रम छ ।

दुवै अध्यक्ष विदेश भ्रमणमा निस्कने भएपछि पार्टीको सचिवालय बैठक समेत दुई हप्तापछि मात्रै बस्ने गरी स्थगन गरिएको छ ।

## भट्टराईलाई मन्त्री बनाउँदा प्रधानमन्त्रीको आलोचना

### 'मन्त्री बन्दा दाइ भुंग्रोमा पर्नुभो' : नेतृ झाँक्री

**काठमाडौं ।** फागुन १५ देखि खालि रहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको कुर्सीमा साउन १५ मा बस्न आइपुगे सत्ताधारी नेकपाका स्थायी समिति सदस्य एवं चर्चित युवानेता योगेश भट्टराई ।

बुधबार अपराह्न ४ बजे भट्टराईले मन्त्री पदको सपथ ग्रहण गरेसँगै उनलाई सामाजिक सञ्चजालमार्फत र भेटेरै समेत बधाई दिनेको बाढी नै चल्यो । यो बाढीका बीच सत्ताधारी पार्टीभित्रकै कतिपयले भने सांकेतिक रूपमा प्रधानमन्त्री ओलीको आलोचना गर्दै योगेश भट्टराईलाई 'सचेत भएर काम गर्न' सुझाए । नेता घनश्याम भुसाललगायत धेरैले यही शैलीमा मन्त्री भट्टराईलाई बधाई तथा शुभकामना दिए ।



तर, केही नेता-कार्यकर्ताले भने खुलेरै ओलीको आलोचना गर्दै नेता भट्टराईलाई प्रधानमन्त्री ओलीले आफ्नो सुरक्षा कवचका रूपमा सरकारमा भित्र्याएको आशय व्यक्त गरे । सो पार्टीकी चर्चित नेतृ रामकुमारी झाँक्रीले योगेशलाई बधाई दिँदै सामाजिक सञ्जाल —क्रमशः अन्तिम पृष्ठमा

## कर्मचारीप्रति किन जंगिए मन्त्री खनाल ?

**काठमाडौं ।** कृषि तथा पशुपंक्षी विकासमन्त्री चक्रपाणी खनालले आफ्नो मन्त्रालयको वर्षभरका कामबारे समिक्षा गर्ने क्रममा केही कर्मचारीले आफूले दिएको निर्देशन पालना नगरेको भन्दै आक्रोश व्यक्त गरेका छन् ।

बिहीबार मन्त्रालयको एक वर्षे कामको समिक्षात्मक बैठकमा बोल्दै सो अटेरी कर्मचारीप्रति आक्रोश पोखेका हुन् । दिइएको जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई कडा कारबाही —क्रमशः अन्तिम पृष्ठमा



## पार्टी मिल्यो, मनपेट मिल्ने कहिले ?

**समय-सन्देश**

**नरेन्द्रजंग पिटर**

आलोचनात्मक चेत हराउँदा व्यवस्थाले जनतालाई दलालमा फेर्छ भने असहमतलाई दबाउन दमन वा प्रलोभनको जाल फ्याँक्छ । नागो यथार्थको सामना गर्ने हिम्मत हुँदैन । हेन्स क्रिश्चियन एन्डर्सनको 'इम्पेरर्स न्युक्लोथ'मा राजा नाङ्गो भन्ने बालक खै ? अझै देखा परेको छैन ? जब शासकहरूले देशलाई आफ्नो जिम्दारी र जनतालाई रैती सोच्न थाल्छन् तब कार्यकर्ता आफ्नो भविष्य चइज्ममा (चाकरी प्रथा) देख्दै अन्य विषय 'छु मतलब ?' भन्न पुग्छ ।

पार्टी पार्टीमा फेरिएर गुट मात्र होइन, गिरोहमा फेरिन्छ । आफैंले उत्पन्न गरेका समस्या हल गर्न नसकेपछि सरकारी नेकपाका दुवै अध्यक्ष दुवई र सिंगापुरतिर लाग्दैछन् । प्रधानमन्त्री स्वयं विमारीले हन्तु छन् भने अर्का अध्यक्ष श्रीमतीका कारण । के उनीहरूलाई व्यक्ति मात्र बन्ने छुट हुन्छ ? स्वकेन्द्रित, परिवारकेन्द्रित मात्र बन्ने छुट हुन्छ ? जब एउटा व्यक्तिको भूमिका सिङ्गो देश र जनताको मात्र नभई युगको सम्पत्ति बन्छ तब त्यस्ता व्यक्ति व्यक्तित्वमा फेरिएर संस्था हुन पुग्छन् । उनीहरूले गरेका काम, खेलेका भूमिका, देखेका सपना, निभाएका कर्तव्य समग्र इतिहासको सुकार्य वा कुकार्य बन्छ । देश र जनताले भोग्न बाध्य हुन्छन् । मौजाका लोभले गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले अग्रेजसँग सन् १८१६ मा गरेको सुगौली सन्धि होस् या श्री ३ को श्रीपेच बचाउन मोहनशमशेरले गरेको सन् ५० को सन्धि, ती अहिले नेपालीले भोग्नु परिरहेको छ । सरकारी नेकपाले पार्टी एकता गरेको १५ महिना बित्यो, तर मन र पेट भने मिलेन । प्राविधिक एकता समेत टुंगिएन । एउटा विषय घर्काउन अर्का विषय उरालिए । झन्डै आधा वर्ष खाली भएको मन्त्रालयमा मन्त्री थपेर सिंहदरबारको साख बढाउने कोसिस भए । पार्टी भनिए पनि गुट मात्र होइन गिरोहमा राजनीति चल्यो । गिरोह र गुटको हित रक्षा भएन भने गुटाधिपतिको पनि अर्थ हुँदैन । जुन पार्टी नीति र विधिविना नै चलेको छ, त्यहीं स्कुल विभाग भने तानातान भएर एकताका भाव छरपस्ट भयो । एमाले र माओवादीबीचको स्वत्व टकराहटका रूपमा थप्पडवाजहरू फेसबुक र अनलाइनमा झ्यारझ्यार गरिरहेछन् । प्रधानमन्त्री कमिटीमा र मन्त्रिमण्डलमा विश्वास नगरेर कबुलियतनामा गराउँदै मन्त्री पद —क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्।
-लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २५, अङ्क- २, साउन १७ गते शुक्रबार, २०७६

## सम्पादकीय

# दुवै शीर्ष विदेश : सत्ता र सत्ताधारी पार्टीमा अलमल

सत्ताधारी नेकपाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सपरिवार संयुक्त अरब इमिरेट्स (युएई) प्रस्थान गरेका छन्। प्रचण्डको भ्रमण सकिँदानसकिँदै सोही पार्टीका अर्का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली पनि विदेश भ्रमण भ्रमणमा निस्कँदै छन्। मुलुकमा झन्डै दुईतिहाई 'जनमत' को प्रतिनिधित्व गर्दै सत्ता र देशको बागडोर सम्हालिरहेका दुई शीर्ष एकैसाथ विदेश हान्निदा मुलुकका कामकाज एक हिसाबले ठप्प हुन पुगेका छन्।

मुलुकको बागडोर हात पर्नासाथ प्रायः प्रधानमन्त्रीहरू स्वास्थ्योपचाका निम्ति स्वदेश-विदेशमा व्यस्त रहने अनि आराम र स्वास्थ्यलाभका निम्ति कयौं दिनहरू राज्यका कामविनै बिताउने स्थितिले विगतका धेरै सरकारहरूले राम्ररी जिम्मेवारी र भूमिका पूरा गर्न सकेका थिएनन्। त्यसमाथि सत्ताधारी पार्टीभित्र नियमितजसो चलिरहने आन्तरिक शक्तिसंघर्ष र किचलोका कारण सरकारका कामकाज अस्तव्यस्त बन्ने क्रम पनि निरन्तर चल्दै आएको छ। र, मुलुकमा अहिले पनि त्यस्तै परिस्थिति खडा भएको छ।

वृद्धावस्था हुनु, अस्वस्थ बन्नु र उपचारका निम्ति हरसम्भव प्रयत्न गर्नुलाई कसैले अन्यथा ठान्न मिल्दैन, जो स्वाभाविक र अनिवार्य प्रक्रिया हो। तर, शक्ति तथा पदहरू आफैंमा केन्द्रित गर्ने अनि काम चाहिँ गर्न नसक्ने कुरा भने राष्ट्र र जनताका निम्ति घात नै हो। एउटै पार्टीमा दुई-दुई जना अध्यक्ष हुँदा र सरकारमा पनि दुई-तीन जना उपप्रधानमन्त्री रहँदा एक व्यक्तिको अशक्तता र अनुपस्थितिका कारण मुलुकै ठप्प हुनु विडम्बनापूर्ण छ।

# पूरा होला...

थाम्दै छन्। लोभ र डरका घंगारुका लौरी हावामा लहराँउदै पार्टी चल्या छ। संस्थागत संरचना ध्वस्त भए शक्तिको तीव्र केन्द्रीकरण भयो। राजा-महाराजाको जस्तै नेतृत्वको जीवनशैली र अहंकार भरिँदा शासक तप्का मैमत्त हुँदै राज्य र पार्टीलाई आफ्ना जिम्दारी सोच्दै छन्।

तर पनि राजनीतिक व्यससायी थप्पडबाजहरू भने उनीहरूकै जयजयकार गर्दै छन्।

सरकारी नेकपामा मात्र होइन, अन्यन्त्र पनि यस्तै चाल, चलन र चरित्र छ। हिजोका आदर्शवादी हुन वा व्यवहारवादी सत्ताबाट बाहिरिनुपर्छ भन्ने हेक्का कसैले राखेको देखिँदैन।

पार्टीहरू फरक छन्, झन्डाहरू फरक छन्, पार्टी कार्यालय र नेता-कार्यकर्ता पनि फरक छन्, नारा र लक्ष फरक भन्छन्। पृष्ठभूमि पनि भिन्नाभिन्नै छ।

लाल सलाम, जय नेपाल, अभिवादन, जय मातृभूमि नामक सलाम, दोहा, प्रणामका तरिका पनि फरकफरक छन्। भनिन्छ- मूल्य, मान्यता, आदर्श र सिद्धान्त पनि फरक छ। तर, नेपाली राजनीतिक संकृति र संगठनशैलीमा भने आचार, विचार र व्यवहार नेपाली पाराकै छ। निर्णय प्रक्रिया एउटै तरिकाले हुन्छ। पहिला गुट-उपगुटका अँध्यारो कोठामा बैठक हुन्छन्। त्यहीं रस्साकसी हुन्छ। तब पार्टी सिन्डिकेट बैठक बस्छ। त्यहाँ शक्ति, सुविधा र अवसरको मोलमोलाइ हुन्छ। नत्र भनेका तरूपक हानिन्छन्। अनि शक्तिका तर्क र तथ्य अगाडि सार्दै मोलतोल भएर सम्झौतामा पुगिन्छ। त्यसलाई विधिसम्मत लोकाचार पुऱ्याउन कानुनी जामा लगाइन्छन्। तब पार्टी मिटिङ बस्छ, प्रस्ताव पेस हुन्छ। ठप्पाजनले त्यसमा ल्याप्चे लगाँउछन्। तर्क गर्ने या तहैसियत हुँदैन या त विवेक बन्धकी राखेर अनुमोदनकर्ता बन्छन्। अनि त्यसलाई पार्टी निर्णय भनेर कार्यकर्ता र जनतालाई तामेली हुकुम हुन्छ।

अधिकांश ठप्पाजन (जो यदि सिद्धान्त, समयको माग, राजनीतिक भाइब्रेट पैदा गर्न नसक्नेहरूलाई मात्र यो शब्द भन्न खोसिएको हो) लोभ र भयले आफ्ना योग्यता, दक्षता र भूमिका निर्वाह गर्छन्।

सिद्धान्त विचारलाई सुविधा र प्रतिक्रियाको राजनीति केन्द्रित छ। त्यसैले नेतृत्व तहदेखि नै चिन्ता आफ्नो र आफन्तहरूको मात्र छ। कार्यकर्ता र जनताले आदेश पालन मात्र गरिदिनुपर्ने तर्क राख्ने, निर्णय प्रक्रियामा सामेल भए पो, निर्णयको स्वामित्व लिन पाए पो दायित्व पनि निर्वाह गर्नुपर्ने हुन्छ।

जे-जस्ता नीति र विधि संगठात्मक निर्णयमा भए पनि ठूला नेताका हैकम मात्र चल्ने भएकाले विचारमा जो जसले जे भने पनि त्यसलाई सामन्तवादी राजनीतिक संस्कृति भन्नुपर्ने हुन्छ।

जब नेतृत्व गुटको फुर्को समाएर आफ्नो हैसियत खोज्न थाल्छन् तब सिद्धान्तको राजनीति राजनीतिको सिद्धान्तमा फेरिन्छ।

कुनै पनि पद दायित्वभन्दा सुख, सुविधा, सम्मान र सुरक्षाको कवच बन्न पुग्छ। हरेक दलका केन्द्रीय सदस्य कार्यकारी नेतृत्व भन्दा ठप्पाबाज लूयाप्चे ठोकुवा छन्।

अझ सरकारी नेकपाको 'विचरा' ४४१ जस्तो जम्बो भिडले बैठकमा माइनेट धस्काउनसमेत पाउँदैनन् भने नीति निर्माणमा हस्तक्षेप कसरी गर्ने र १ साँच्चै यत्रो त्रासदीपूर्ण समयमा हामी जिइरहेका छौं, जहाँ स्थापित मूल्य मक्किएका छन्।

विकल्प र अवसर सनातनी व्यवस्थाकै हिस्सा बन्न पुग्दा उपलब्धि ठट्टा बन्दै गयो।

के समाजको शान्तिपूर्ण अग्रगामी परिवर्तन हुन सक्दैन ? अरूका सोच र भूमिकामा हाँकिन बानी परेकाहरू सोच्ने ठेक्का अरूको र आज्ञापालक मात्र आफूलाई सोच्नेले मथिंगल खियाउनै चाहँदैनन्।

कहाँ चुक्यौं भनेर सोच्दैन। धोत्रो रूख सती सालजस्तो ठिंग उभिरहेकै छ, तर एक धक्का थाम्न सक्ने अवस्थामा छैन।

के फाइदाको सिद्धान्तले हाम्रा मन-मस्तिकमा रजाइँ गरिरहेको छ ? आग्रह हाम्रो आन्तरिक चालकशक्ति बनेर इतिहासलाई मुर्दाका कथा भन्दै आफैंदेखि तर्केका हौं ? हरेक दोबाटाले भावी यात्राको दिशा निर्धारण गर्छ। लक्ष थाहा भएका खुरुखुरु हिँडछन्, दिशावोध नभएका दोबाटोमा रुमल्लिन्छन्।

हरेक दस कदम बढेपछि सिंह टक्क उभिन्छ, फनक्क मुन्टो घुमाएर शत्रु कतै पिछा लागेको त छैन अगाडि यात्रा कति सुरक्षित छ भनेर दूरदराज नियालूछ, सावधानी लिन्छ, ढलेको रूख टाँड नै परेको छ भने पनि मुनिबाट नभई उफ्रेर नाघ्दै अगाडि बढ्छ, सिनो खाँदैन बरु भोकै बस्छ। त्यसैलाई सिंहावलोकन भनिन्छ। जब संकट आइपुग्छ तब विगतको सिंहावलोकन गर्दै अगाडिको यात्रा तय गर्नु हो। सम्भावनाको मुहान संकटपथ भएर बग्छ तर त्यसले सोचको, भूमिकाको, आंकाक्षाको, कुशल व्यवस्थापन र कलामय सम्बोधनको माग गर्छ।

तब मात्र भाग्यलाई आफ्नो दास बनाउन सकिन्छ। आखिर नेपाली कार्यकारणीहरू सर्वज्ञानी, मर्मज्ञ सोच्छन् ?

त्यसैले अहिले नेपाली राजनीतिमा हेन्स क्रिस्चियन एन्डरसनको 'इम्पेरर्स न्युक्लोथ'मा राजा नांगो भन्ने बालकको टड्कारो आवश्यकता भएको छ। (समाचार दैनिकबाट)

# मन्त्री र सचिवहरूलाई स्वच्छ र गतिशील बन्न सुझाव

**काठमाडौं**। प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्री तथा सचिवहरूलाई भ्रष्टाचार त्यागी स्वच्छ,



पारदर्शी, गतिशील सदाचारी बन्न सुझाव दिएका छन्।

प्रधानमन्त्री कार्यालयमा बुधबार आयोजित आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्ययोजना प्रस्तुति तथा कार्यान्वयन सम्झौता हस्ताक्षर गर्ने कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले आफू र आफ्ना मातहतका व्यक्तिलाई स्वच्छ, पारदर्शी र गतिशील बनाउन मन्त्री र सचिवहरूलाई आह्वान गरेका हुन्।

'भ्रष्टाचार अन्त्य गर्न र सदाचारलाई अवलम्बन गर्नका लागि सूत्र नै बनाऊँ, मातहतको नजरमा नगिरौं। मातहतको नजरबाट गिर्नबाट जोगियो भने मान्छेले राम्रो काम गर्न सक्छ,' प्रधानमन्त्री ओलीले थपे- 'हामीले जेठ १५ मा बजेट ल्याएर असारभित्र पारित गर्ने परिपाटी किन शुरु गऱ्यौं भने साउनको शुरुबाटै काम गर्न सकिन्छ भन्ने सोचले हो। तर पहिले जस्तो फागुनतिर बल्ल ठेक्का सदर हुने गऱ्यो भने फेरि ठेक्का लाग्दा नलाग्दै पानी पर्ने बेला हुन्छ। अब त्यस्तो हुनु हुँदैन। समय खेर फाल्नु भएन।'

प्रधानमन्त्री ओलीले आफू र मन्त्रीहरूबीच कार्ययोजना कार्यान्वयन सम्झौता भएकाले अब कामले तीव्रता पाउने विश्वास व्यक्त गरे। 'मेरो र मन्त्रीजीहरूको बीचमा सम्झौतामा हस्ताक्षर भएको छ। अब मन्त्रीजी र सचिवहरूबीच पनि सम्झौता भएर कामको गतिले तीव्रता लिने विश्वास लिएको छु,' प्रधानमन्त्रीको भनाइ थियो।

प्रधानमन्त्री ओलीले सरकार भ्रष्टाचारीहरूका विरुद्धमा अभूतपूर्व ढङ्गले अघि बढेको बताए। उनले भनेै- 'भ्रष्टाचारीहरूलाई मुद्दा चलाइएको छ। कारवाही दृढताका साथ अघि बढाइएको छ।'

कतिपय बेला संसद्मा प्रतिपक्षीहरूले अनावश्यक रूपमा व्यवधान खडा गर्ने गरेको प्रसङ्ग उल्लेख गर्दै प्रधानमन्त्री ओलीले थपे 'हामीलाई रोक्ने र असफल बनाउने कुरा मञ्जुर छैन, लोकतन्त्रको रक्षा गर्ने र समुचित ढङ्गले अघि बढाउनेमा वर्तमान सरकार दृढ छ।'

बैठकमा राजधानीमा उपलब्ध सबै मन्त्रीहरूले प्रधानमन्त्रीसँग प्रतिबद्धता व्यक्त गर्दै कार्ययोजना कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरे भने यस्तै सम्झौता सचिवहरूले पनि मन्त्रीहरूसँग गर्नुहुने प्रधानमन्त्रीका प्रेस सल्लाहकार कुन्दन अर्यालले जानकारी दिए। सम्झौताको परिपाटी नेपालको इतिहासमै पहिलोपटक शुरु गरिएको पनि उनले बताए।

# सर्लाही घटनालाई लिएर संसद अवरोध, छानविन समिति गठन गर्न माग

**काठमाडौं**। नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का कार्यकर्ता र प्रहरीबीच भएको 'दोहारो भिडन्त' का क्रममा उक्त पार्टीका जिल्ला इञ्चार्ज कुमार पौडेलको हत्याको घटनाको विषयलाई लिएर संसदमा हंगामा भएको छ।

सर्लाही घटनाको विषयलाई लिएर दोस्रो दिन पनि संसदको बैठक अवरुद्ध भएको हो। साउन १६ गते बिहीबारसम्मका लागि बैठक स्थगित भएपछि संसद परिसर नयाँबानेश्वरमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले संसद् खुलाउन सरकारले सक्दो प्रयास गरेको बताए।

यसअघि समेत तीन-चार पटक अवरोध भइसकेको अवस्थामा सत्तारूढ र प्रमुख प्रतिपक्षी दलका नेताहरूले सो घटनाका पक्ष र विपक्षमा आ-आफ्ना धारणा व्यक्त गरेका छन्।

बैठक बसिसकेको सञ्चारकर्मीको जिज्ञासामा संसद खुलाउने प्रयास भइरहेको बताएका हुन्।

'यस सम्बन्धमा हिजो पनि सभामुखसँग मेरो कुराकानी भएको थियो, यी सबै कुरामा प्रधानमन्त्रीलाई पनि जानकारी छ तर यो विषय अझै टुङ्गिएको छैन, राज्य व्यवस्था समितिले 'टेक अप' गरेको विषयमा फेरि संसदीय छानबिन समिति गठन गर्नु उपयुक्त हुन्छ कि हुँदैन' नेता नेम्वाङले भने 'प्रश्नहरू धेरै छन्।'

जिल्लामा दलहरूको सहमतिमा मिलाइएको विषयमा संसदीय छानबिन समिति गठन गर्नु ठीक हो कि होइन भन्ने आफूलाई लागेको उल्लेख गर्दै नेम्वाङले यस विषयमा कुनै निष्कर्षमा भने नपुगिएको जनाए।

काङ्ग्रेस संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँणले सर्लाही घटनाको छानबिन गर्नुपर्ने माग गर्दा सरकार र सभामुखले नसुन्नु भनेको घटनालाई ढाकछोप गर्न खोजेको हो कि भन्ने आशङ्का बढेको प्रतिक्रिया दिए।

'नागरिकले सरकारबाट सुरक्षाको महसुस गर्न पाउनुपर्छ र सरकारले नागरिकको रक्षा गनुपर्छ, हामी यसकै लागि लडिरहेका छौं, उनले भने।

यस्तै नेपाली काङ्ग्रेसका सांसद गगनकुमार थापाले सो घटनाका सम्बन्धमा सरकारले स्पष्टीकरण दिए पनि छानबिन समिति गठन नगरेसम्म सदन चल्न नसक्ने चेतावनी दिए।

सभामुखले स्वतन्त्र भएर निर्णय गर्नु सक्नुहुन्छ कि सक्नुहुन्न भने ठूलो प्रश्न हाम्रा अघि आयो, शुरुमा हामीले छानबिन समिति गठन गर्न माग गर्दा सभामुखले बस्नुस् समिति बन्छ भनेका थिए।

सभामुखले संसदभित्र सबै दलको नेता बन्नुपर्नेमा त्यस्तो हुन नसकेकाले आफूहरूले संसद अवरुद्ध बाध्य हुनुपरेको सांसद थापाको जिकिर थियो।

यस्तै राष्ट्रिय जनता पार्टी (राजपा) का नेता राजेन्द्र महतोले संसदीय मूल्य र मान्यतालाई कायम राख्दै जनताको हकहित र अधिकारका लागि संसद्मा आवाज उठाउँदा सुनुवाई हुन नसकेको भन्दै आपत्ति व्यक्त गरे।

'मानव अधिकार हनन गर्ने, हत्या हिंसालाई अगाडि बढाउने, बलात्कारीलाई कारवाही नगर्ने, गिरिशचन्द्र लाल आयोगको प्रतिवेदन सार्वजनिक नगर्ने र सर्लाही घटनाको छानबिनका लागि पनि संसदीय समिति नबनाउने, यसरी मुलुक चल्दैन, माग पूरा नभएसम्म संसद्मा दबाब जारी रहन्छ,' महत्तोले भने।

# कृषिसम्बन्धी सरकारी नीतिबारे एक चर्चा

**– विचार-दृष्टिकोण –**

रामराज रेग्मी

संसदीय शासनकालको सुरुको अवधिमा दलहरूका सरकारले भूमि समस्या समाधान गर्छन् कि भन्ने आशा अधिकाशंश नेपाली किसानले लिएका थिए। देशमा सम्पन्न आम निर्वाचन र मध्यावधि निर्वाचनहरूमा किसानबाट भोट बटुल्न विभिन्न राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा कृषि क्रान्ति र भूमिसुधारका आकर्षक नाराहरू अघि सारेका थिए। तर सबैभन्दा पहिले सत्तामा पुगेको नेपाली काङ्ग्रेसको सरकारले किसानको हितमा कुनै काम गरेन।

सन् १९९१ मा भूमिसुधार मन्त्री जगन्नाथ आचार्यले भूमिसम्बन्धी कामको थालनी गर्न नखोजेका होइनन्। उनले उद्योगको नाममा लुकाएका जग्गा पत्ता लगाउन भनी समिति गठन गरेका थिए। उनले बिर्ता र गुठीका मोहीलाई जग्गाधनी बनाउने सोच अघि सारेका थिए। तर आफ्नै पार्टीबाट विरोध हुँदा उनले केही गर्न पाएनन् र उल्टै राजीनामा दिई सत्ताबाट बाहिरिए।

नेकपा (एमाले) को नौ महिने शासनकालमा केशव वडालको अध्यक्षतामा कृषि भूमिमा सुधार गर्ने उद्देश्यले उच्चस्तरीय भूमिसुधार आयोग गठन गरियो। त्यस आयोगले कृषि विकासको बाटो सामाजिक न्यायमा आधारित हुनुपर्ने, विविधीकरण र तुलनात्मक फाइदा हुने क्षेत्रको पहिचान गर्दै कृषिलाई व्यवसायमूलक बनाउनु पर्ने र कृषिमा पूर्वाधार विकास गरी योजना कार्यान्वयनका अल्पकालीन र दीर्घकालीन रणनीति तयार गर्नुपर्ने सुझाव पेश गर्‍यो। त्यसले जग्गामा वास्तविक जोताहा किसानको अधिकार र स्वामित्वलाई स्थापित गर्न वास्तविक भूमिसुधारलाई पूवसर्त मान्दै साना खेती प्रणालीको विकास र सघन खेती प्रणालीलाई प्रोत्साहित गर्दै उच्च मूल्यका कृषिजन्य उत्पादनतर्फ उन्मुख गराउने रणनीति कायम गर्न र सामाजिक विकासको पूर्वाधार सृजना गर्न पनि सुझाव दियो। तराई, पहाड र उच्च पहाडको विविध वातानुकूलित क्षेत्रअनुरूपको कृषि विकासको समन्वयात्मक कार्यक्रम तयार गर्ने, पुँजीका लागि संस्थागत आधारशिला तयार गर्ने र यस प्रयासमा क्षेत्रीय सन्तुलन तथा महिला सहभागितालाई ध्यान दिनुपर्ने कुरामा त्यसले जोड दियो । तर एमाले सरकार छोटो समयमा नै ढलेकाले आयोगका सुझावलाई पछिका सरकारहरूले रद्दीको टोकरीमा मिल्काए।

सन् २००१ मा प्रधानमन्त्री देउवाले भूमिसुधार कार्यक्रम घोषणा गरे जसअनुसार जग्गाको हद तराईमा ११ बिघा, पहाडमा ३० रोपनी र उच्च पहाडी भेकमा ७५ रोपनी कायम हुने गरी तोकियो। तर त्यो सुधार नाम मात्रको भयो, व्यवहारमा लागू हुन सकेन।

त्यसले उल्टै भूमिसुधारको हल्ला मच्चाएर जग्गाधनीलाई जग्गा लकाउने अवसर दियो। सरकारी घोषणापछि माल अड्डामा कृत्रिम अंशवन्डा गरी जग्गा लुकाउने परिवारको चाप बढ्यो। सरकारको त्यस प्रकारको गलत नीतिले गर्दा लामो समयदेखि जग्गा कमाउँदै आएका मोहीहरू भूमिबाट बेदखल गरिए। वास्तवमाा नव उदीयमान पुँजीपति वर्गको हितलाई ध्यानमा राखी यो खालको भूमि ऐन ल्याइएको थियो। जग्गा भूमिपतिको स्वामित्वमा मात्र रहोस् भन्ने यसको आसय थियो। यसले पुँजीपतिलाई 'सकेसम्म धेरै जमिन बटुल र पुँजीवादी ढंगले खेती गर' भन्ने सन्देश प्रवाह गर्न खोजेको पाइयो। मोहियानी हक खारेजीको ऐन संसदबाट विधेयक पारित गरी बनेकाले यसमा सत्तापक्ष र प्रतिपक्ष दुवै जिम्मेवार देखिन्छ। मोहीयानी हक खारेजीको ऐन संसदबाट विधेयक पारित गरी बेनकाले यसमाा सत्तापक्ष र प्रतिपक्ष दुवै जिम्मेवार देखिन्छ। यसरी निर्वाचनका बेला जमिनमा जोताहाको अधिकार स्थापित गर्ने भनी आफैंले निकालेको घोषणापत्रको खिलाफमा दलहरू जानु दुःखको कुरा हो।

कृषि क्षेत्रमा व्यवसायीकरणमा वृद्धि भएको अवस्थामा सरकारले कृषिको क्षेत्रमा सुधारका कार्यक्रमहरू ल्याउनुपर्थ्यो, कृषि पेशालाई व्यवसायको रूपमा अपनाउन कृषकहरूलाई प्रेरित गर्नुपर्थ्यो र कृषिसडक, विद्युत, यातायात शीतभण्डार, मन्डी आदि व्यवसायीकरणका लागि चाहिने पूर्वाधारहरूको व्यवस्था गर्नुपर्थ्यो। राज्यले कृषिसँग अन्तर्सम्बन्धित क्षेत्रहरू सिँचाइ, सडक र विद्युतसँग कृषिको समन्वय गरिदिनुपर्थ्यो र कृषिजन्य उद्योगहरूको स्थापना गरी ग्रामीण रोजगारीको अवसरमा वृद्धि गर्ने कार्यमा प्रोत्साहन दिनुपर्थ्यो। सरकारले कृषकहरूलाई सुलभ दरमाा कर्जा प्रवाह गर्नुपर्थ्यो। तर सरकारले यी कुराहरूलाई ध्यान नदिँदा कृषिक्षेत्र प्रोत्साहित भएन।

यातायात सेवा पुगेका र जेनतेन विकासका पूर्वाधार भएका ठाउँहरूमा आफैं पुँजी लगानी गर्न सक्ने किसानले व्यवसायिक खेती त गरे, तर अधिकांश किसानहरू आर्थिक रूपमा विपन्न भएकाले तिनलाई विगत लामो समयदेखि नै कर्जाको आवश्यकता पर्दै आयो। गाउँका सामन्त सुदखोरको चर्को ब्याजदरबाट तिनलाई राहत दिने भनी पञ्चायतकालमा कृषि विकास बैंक खोलिएको थियो र यसले गर्दा कर्जाको गुरुत्वाकर्षण केन्द्र केही मात्रामा सामन्त सुदखोरबाट वित्तीय संस्थामा सारेको पनि थियो। तर बैंकले धितो नभई कर्जा प्रवाह नगर्दा केवल झिटी भएका मध्यम किसानदेखि माथिल्ला वर्गहरूले मात्र सुविधा लिन सके। धितो दिन नसक्ने गरिब किसानहरू निकै चर्को ब्याज असुल्ने परम्परागत सुदखोरकै शरणमा जान विवश थिए।

नेपाली काङ्ग्रेसको सरकारले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू विश्वबैंक एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष आदिको निर्देशनमा कृषि क्षेत्रमा निजीकरण र उदारीकरणको नीति लागू गर्‍यो। त्यस नीतिले पञ्चायत कालमा किसानलाई दिइआएका राहत कार्यक्रमहरू उल्दै हरण गरिदियो। किसानलाई उपलब्ध गराउँदै आएको कृषि सामग्री, मल, बीउ, आदिको राहत अनुदानमा कटौती भयो जसले गर्दा कुषि क्षेत्र नराम्ररी थला पर्न गयो। देशको कृषि उत्पादन घटेर खाद्य बजार विदेशी आयातित कृषि उपजमा निर्भर रहने अवस्था सृजना भयो। सन् १९८९ मा कृषि क्षेत्रले ५१ प्रतिशत योगदान गरेकोमा एक दशकपछि तयो ३९ प्रतिशतमा झर्‍यो। मुलुकमा सबैभन्दा ठूलो उत्पादन कार्यमा संलग्न किसानको योगदान १२ प्रतिशतले झरेको तथ्यले नेपाली कृषि बजारमा स्वदेशी उत्पादनलाई आयातित विदेशी उत्पादनले विस्थापित गरेको देखिन्छ।

यतिमात्र होइन, संसदीय शासनकालमा उदारीकरण लागू भएपछि कृषि विकास बैंकको पुँजी वित्तीय र नोकरशाही पुँजीका रूपमा कृषि क्षेत्रमा भित्रियो बैंकले विगतमा उपलब्ध गराएको सस्तो ब्याज कटौती गरी चर्को ब्याजदर (१९ प्रतिशत) पिछडिएको कृषि क्षेत्रमा प्रवाहित गर्‍यो। कर्जाको उद्देश्य कृषि उत्पादक शक्तिको विकास गर्न सिँचाइ जस्तो क्षेत्रमा लगानी गर्नेभन्दा नेपाली कृषिलार्य साम्राज्यवादको पुच्छर बनाउने कृषि व्यापार जस्ता क्षेत्रमा लगानी गर्ने हुन गयो। फलस्वरूप कृषि पेसाबाट विमुख भई बर्सेनी अन्य काम वा व्यवसायतर्फ हामफाल्नेको संख्या बढ्न थाल्यो। किसान परिवारमै जन्मे हुर्के पनि शिक्षित युवा जगत्को चासो कृषिमा पटक्कै देखिएन। ग्रामीण क्षेत्रको श्रमशक्ति बर्सेनी बारिरिने गर्‍यो र ग्रामीण क्षेत्रमा कृषिभूमि बाँझो हुने र कृषि उत्पादनमा ह्रास आउने क्रम बढ्न थाल्यो। देश एकातिर पुँजीवादी अर्थतन्त्रतर्फ संक्रमण गर्ने, तर अर्कोतिर कृषि क्षेत्रमा आवश्यक युवा जनशक्ति बाहिरिँदा खेतीयोग्य जग्गा बाँझो रहन जाने, विषम परिस्थिति समाजमा उत्पन्न भयो।

परिणामस्वरूप कृषिप्रधान देश अन्य विकसित राष्ट्रको सुरक्षित बजारमा परिणत हुनगयो। कृषि उपजको बजारक्षेत्र आफ्नो देशमा हुँदाहुँदै किसानहरू आफ्नो भूमि र स्रोतसाधन उपयोग नगरी कृषिजन्य पदार्थमा भारत र अन्य मुलुकमा निर्भर हुन थाले। परापूर्वकालदेखि खाद्यान्न निर्यात गर्ने मुलुक अब खाद्यान्न आयात गर्नेमा गणना हुन थाल्यो।

व्यवसायिक खेतीमा हात हाल्नेहरू पनि पुँजीवादी बजारका दलालहरूको शोषणका सिकार भए। व्यवसायीकरणमा जानु भनेको पुँजीवादी बजारमा प्रवेश गर्नु हो, जहाँ विगतको परम्परागत अर्थतन्त्रमा झैं उत्पादक र उपभोक्ताबी प्रत्यक्ष सम्पर्क हुन्न। किसान र उपभोक्ताबीच दालल वर्गको तह रहेको हुन्छ। यस किसिमको दलालीको सञ्जाल स्थानीय तहमा मात्र होइन, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा समेत फैलिएको हुन्छ। संसदीय शासनकालमा नेपाली किसानहरू यस्तै दलालीको मारमा परी आफ्नो उपजको उपयुक्त मूल्य पाउन सकेनन्। परिणामस्वरूप तीन निरास बन्नुपर्ने अवस्था सृजना भयो। खाद्यवस्तुको व्यापारमा संलग्न संस्थाहरूसँग बजारका निम्ति जुध्न असङ्गठित किसानले सक्ने कुरा थिएन।

सहकारी गठन गरी त्यसमार्फत् काम गरेको खण्डमा केही खुकुलो मूल्यमा मल, बीउबिजन, कृषि उपकरणहरू पाउन र स्थानीय रूपमा आफ्ना उपजको विक्री-वितरणको व्यवस्था मिलाउन सक्थे। तर सरकारले 'गाउँ सहरमा सहकारी घरघरमा रोजगारी' भन्ने नारा दिँदै सहकारी खेतीलाई प्रोत्साकन दिने कार्यक्रम अघि सारे पनि किसानले खोलेका सहकारीहरू वित्तीय कारोबारमा मात्र सीमित रहे, सहकारी खेतीमा आबद्ध हुने र किसानलाई राहत दिने काममा ती लागेनन्।

सरकारले पनि व्यवसायी किसानमाझ कृषिकार्य सम्बन्धी काम गर्ने कृषि सहकारीहरू गठन गरी यस्ता सहकारीलाई मल, बीउबिजन र कृषि सामग्री खरिदमा अनुदान दिने व्यवस्था मिलाएन।

यसले गर्दा व्यवसायीकरणतर्फ आकर्षित किसानहरूले पुँजी बजारमा साम्राज्यवादी र विस्तारवादीका उत्पादनसँग प्रतिस्पर्धा गर्न सकेनन्। उपलब्ध बीउबिजन, मल, ओखती, आधुनिक उपकरण आदि किनेर तिनले उत्पादन त गर्न खोजे, तर यस्ता अति आवश्यक वस्तुहरू महंगा हुनाले सामान्य किसानले एक त तिनलाई किन्ने क्षमता नै राखेनन्, यदि कोही कसैले किनेर कृषि कार्य गरे भने पनि उत्पादन गर्दा लागत बढी हुने भयो र उत्पादित वस्तुले देश बाहिरबाट सस्तो मोलमा आउने कृषिउपजसँग प्रतिस्पर्धा गर्न सकेनन् । विश्व व्यापार संगठ्नमा आबद्ध विकसित देशहरूले आफूले त्यस संस्थाको नियम मिचेर बाहिरबाट आयात गरिने वस्तुमा चर्को भन्सार आ-आफ्ना बजारको संरक्षण गरे, तर नेपालजस्तो अविकसित देशलार्य तिनले उदार अर्थनीति उपनाउन र कम भन्सार लिन दवाब दिए।

*(नेपालको इतिहास एक मार्क्सवादी दृष्टिकोणबाट)*




## अनेमसंघकी नेतृ भृकुटी राजधानीबाट पक्राउ

**काठमाडौं ।** पूर्वसभासद समेत रहेकी नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की केन्द्रीय महासचिव धिरेन्द्रा उपाध्याय 'भृकुटी' लाई मंगलबार प्रहरीले राजधानीमा पक्राउ गरेको छ ।

नेतृ उपाध्यायलाई प्रहरीले काठमाडौंको बुढानीलकण्ठबाट गिरफ्तार गरेको अनेमसंघ (क्रान्तिकारी)ले जनाएको छ । विप्लव नेकपाले बुधबारका लागि आह्वान गरेको बन्दको पूर्वसन्ध्यामा महासचिव भृकुटीलाई प्रहरीले गिरफ्तार गरेको हो ।

यसअघि साउन ४ मा गिरफ्तार परेका सोही पार्टीका उपत्यका ब्युरो इन्चार्ज माइला लामाको रिहाईको माग गर्दै नेकपाले बुधबार बागमती र नारायणी ब्युरो तथा जनकपुर ब्युरोका रामेछाप र दोलखा बन्द आह्वान गरेको छ ।

यस्तै सोही संगठनकी केन्द्रीय अध्यक्ष बन्धु चन्द लामो समयदेखि जेलमै रहेको र विप्लव नेतृत्वको नेकपामा आबद्ध नेता-कार्यकर्ता लगातार समातिने क्रम समेत ह्वात्तै बढेकाले केही समययता तत्कालीन दस वर्षे जनयुद्धको झल्को देइरहेको देखिन्छ ।

## मनसुन पुन सक्रिय मुलुकभर वर्षा

**काठमाडौं ।** मनसुन सक्रिय गराउने न्यूनचापीय रेखा (मनसुन ट्रफ) भारतको उत्तरी भूभागतर्फ सर्ने क्रम सुरु भएसँगै नेपालमा वर्षाको प्रभाव दोहोरिने भएको हो ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका मौसमविद् राजु प्रधानाङ्गका अनुसार मनसुन ट्रफ सामान्य रेखा नजिक सर्न थालेको र केही दिनभित्रमा नेपाल नजिक आउने भएकाले निस्क्रिय मनसुन सक्रिय हुने हुँदा 'तत्काल निरन्तर र भारी वर्षाको सम्भावना नरहे पनि धेरै ठाउँमा मध्यमस्तरको वर्षा हुने गतिविधि विकास भइरहेको छ ।'

न्यूनचापीय रेखा भारतको गंगानगर, अलाहवाद, कलकत्ता, बंगालको खाडीको शिर आसपासको भेगमा सरेको अवस्थालाई मौसमविदहरू सामान्य अवस्थाका रूपमा बुझ्ने गर्छन् ।

काल्पनिक यस्तो रेखा ती क्षेत्रबाट भारतको उत्तरी दिशातर्फ सरेपछि नेपाली भूभागमा मनसुनी प्रभाव पर्ने गर्छ भने 'इन्डोग्याङ्गेटिक प्लेन' भन्दा तल सरेको अवस्थामा मनसुन निस्क्रिय हुने गर्छ । मनसुनी रेखा नेपाल नजिक सरेपछि नेपालमा भारी वर्षा हुने गरेको प्रधानाङ्गले जानकारी दिए ।

## रिक्त स्थानको उपनिर्वाचन मंसिर १४ मा गर्ने सहमति

**काठमाडौं ।** देशका विभन्न स्थान र तहमा रिक्त रहेका ५० स्थानमा मंसिर १४ मा उपनिर्वाचन गर्ने विषयमा निर्वाचन आयोगका पदाधिकारी र राजनीतिक दलहरूबीच सहमति भएको छ ।

बिहीबार निर्वाचन आयोगमा भएको सर्वदलीय बैठकमा उपस्थित अधिकांश राजनीतिक दलहरूले मंसिरमा चुनाव गराउन उपयुक्त हुने सुझाव दिए । यही सुझाव र सहमतिका आधारमा आयोगले सरकारसँग परामर्श गरेर चाँडै नै निर्वाचनको मिति तोक्ने तयारी गरिरहेको आयोगका प्रवक्ता शंकरप्रसाद खरेलले जानकारी दिए ।

आयोगसँग परामर्श गरेर सरकारले निर्वाचनको मिति तोक्ने कानुनी प्रावधान छ । सो बैठकमा संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने १८ वटा राजनीतिक दल सहभागी भए । निर्वाचन आयोगमा बिहीबार भएको छलफलबीच प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मौजुदा कानुनमा भएको उपनिर्वाचनसम्बन्धी व्यवस्था र आयोगले हाल गर्दै गरेको तयारीका सम्बन्धमा जानकारी दिए ।

यसैबीच आयुक्त ईश्वरीप्रसाद पौड्यालले छलफलमा उपस्थित सहभागीलाई उपनिर्वाचनसम्बन्धी कानुनी व्यवस्था र छलफल कार्यक्रम आयोजना गर्नुको उद्देश्यबारे जानकारी गराए ।

सोही क्रममा सहभागि राजनीतक दलका प्रतिनिधिहरूले निर्वाचनमा आचार संहितालाई कडाइका साथ पालना गर्नुपर्ने तथा सबै रिक्त स्थानमा एकैचोटी निर्वाचन गराउनु पर्ने सुझाव दिएका थिए ।

आयोगको विवरणअनुसार अहिले ५० ठाउँमा उपनिर्वाचन गराउनु पर्नेछ । कास्की- ३ बाट चुनाव जितेका नेकपाका सांसद रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि उक्त स्थान पनि उपनिर्वाचन गराउनु पर्ने छ ।

सो छलफलमा संघ प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने नेपाल कम्युनिस्ट पार्टी (नेकपा), नेपाली काङ्ग्रेस, राष्ट्रिय जनता पार्टी (राजपा), सङ्घीय समाजवादी फोरम, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त, राष्ट्रिय जनमोर्चा, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, विवेकशील साझा पार्टी, नेपाली जनता दल, नेपाल, समाजवादी पार्टी, नेपाल मजदूर किसान पार्टी, नयाँ शक्ति पार्टी, नेपाली जनता दल, नेकपा मालेलगायत दलको सहभागिता रहेको थियो ।

## कमान्डरलाई सलाम : जनमुक्ति सेनाका सिपाहीलाई 'जेल सजाय'

**काठमाडौं ।** तत्कालीन नेकपा (माओवादी)को आह्वान र नेतृत्वमा सञ्चालित भई देशमा गणतन्त्र, संघीयता र समानुपातिक-समावेशिता स्थापना गर्न सफल दसवर्षे जनयुद्धका क्रममा जनमुक्ति सेनामा रही काम गरेका शक्ति गुरुङ 'विक्रम' लाई नेपाली सेनाको 'समरी जनरल अदालत' ले 'दसवर्षे जेल सजाय' तोकेको छ ।

तत्कालीन नेकपा (माओवादी)को नेतृत्वले गरेको आह्वानमा नेपाली सेनाबाट विद्रोह गरी जनमुक्ति सेना नेपालमा आबद्ध भएका एक पूर्वसैनिक जवानलाई 'शान्ति प्रक्रिया सफलता' को १३ वर्षपछि कथित जेल सजाय सुनाइएको हो । तत्कालीन माओवादी, जनयुद्ध र अहिले आफ्नै पार्टीमा समाहित भैसकेका पूर्वमाओवादीहरू समेतप्रति घोर पूर्वाग्रह राख्दै आएका सत्ताधारी नेकपाका केन्द्रीय सचिवालय सदस्य एवं नेपाल सरकारका रक्षामन्त्री ईश्वर पोखरेलको दूराशयपूर्ण निर्देशनका आधारमा नेपाली सेनाले गरेको यो आपत्तिजनक हर्कतप्रति सिंगै देश आश्चर्यचकित भएको छ । मुलुकको अग्रगमन, शान्ति र समृद्धिका पक्षधर तमाम नेपालीहरूले यो हर्कतप्रति आश्चर्य प्रकट गर्दै गम्भीर आपत्ति र कडा विरोध जनाएका छन् ।

आरुघाट- ९, गोरखा स्थायी घर भएका शक्ति गुरुङ 'विक्रम' लाई सैनिक समरी जनरल अदालतले 'दसवर्षे जेल सजाय' तोकेपछि जनयुद्धकालीन तमाम मुद्दाहरू अब गम्भीर मोडमा प्रवेश गरेको सर्वत्र अनुभूति भएको छ । सैनिक अदालतले गुरुङलाई 'भविष्यमा समेत सरकारी सेवामा अयोग्य हुने' पनि ठहर गरेको छ । गुरुङ २०६३ साउन ३० गते तत्कालीन शाही सेनाबाट हतियारसहित विद्रोह गरेर माओवादी पार्टी मातहतको जनमुक्ति सेना नेपालमा आबद्ध भएका थिए ।

सहायकरथी एवं सैनिक प्रवक्ता विज्ञानदेव पाण्डेका अनुसार गुरुङलाई भविष्यमा समेत सरकारी सेवामा अयोग्य हुने गरी सैनिक अदालतले 'कोर्टमार्सल' को फैसला सुनाएको हो । यो हदको अत्याचारप्रति तत्कालीन सर्वोच्च कमान्डर रहेका वर्तमान सत्ताका हर्ताकर्ता अध्यक्ष प्रचण्ड र अरु शीर्ष नेताहरूको खेदजनक मौनताप्रति सरोकारवालाहरूले झन् बढी दुःख प्रकट गरेका छन् ।

## पोखरीमा डुबेर दाजुबहिनीको मृत्यु

**काठमाडौं ।** ईंट्टा बनाउने क्रममा खनेको खाल्डोमा जमेको पानीमा डुबेर रौतहटको चन्द्रपुर नगरपालिका ९ डुमरियामा एकै परिवारका दुई बालबालिकाको मृत्यु भएको छ ।

ईंट्टाभट्टाको पोखरीमा डुबेर डुमरियामा बस्दै आएका सर्लाहीस्थित हरिपुर नगरपालिका-४ स्थानीय सञ्जय साहका ११ वर्षीय छोरा अनिस साह र आठ वर्षीय छोरी कल्पना साहको ज्यान गएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले पुष्टि गरेको छ ।

मोटरसाइकल ग्यारेजको व्यवसाय गर्दै आएका साह परिवार लामो समयदेखि डुमरियामै बस्दै आएका थिए । ईंटाभट्टाले बनाएको खाल्टोमा जमेको पानीमा खेल्न जाँदा डुबेर मृत्यु भएका दाजुबहिनीको शव परीक्षणका लागि चन्द्रनिगाहपुर अस्पताल राखिएको छ ।

## नवनियुक्त भट्टराईले राष्ट्रपतिबाट लिए शपथ

**काठमाडौं ।** राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष कार्यक्रमका बीच राष्ट्रपति विद्यादेवी भण्डारीले नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईलाई पद तथा गोपनीयताको शपथ गराएकी छन् ।

सो अवसरमा उपराष्ट्रपति नन्दबहादुर पुनः, प्रधानमन्त्री ओली, प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महरा, राष्ट्रियसभाका अध्यक्ष गणेश तिमल्सिना, उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेललगायतको सहभागिता रहेको थियो । शपथ ग्रहण कार्यक्रममा संवैधानिक निकायमा प्रमुख, मन्त्रीगण, सुरक्षा निकायका प्रमुख, नेकपाका महासचिव विष्णु पौडेल, नेकपा सचिवालय सदस्य वामदेव गौतम, सांसद तथा नेकपाका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको विस २०७५ फागुन १५ गते ताप्लेजुङमा भएको हेलिकप्टर दुर्घटनामा निधन भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त मन्त्रालयको कार्यभार आफैंले सम्हाल्दै आएका थिए ।

## अर्बौंको अलैंची निर्यात

**काठमाडौं ।** नेपालको पूर्वी जिल्लामा उत्पादित अर्बौं मूल्य बराबरको अलैंची निर्यात हुँदा एक वर्षभित्र प्रशस्त आम्दानी नेपाल भित्रिएको नेपाल अलैंची व्यवसायी महासंघलेले जनाएको छ ।

महासंघका अध्यक्ष राजु कार्कीकाअनुसार आर्थिक वर्ष २०७५/७६ मा चार हजार सात सय मेट्रिक टन अलैंची नेपालबाट निर्यात भएको र यसबाट चार अर्ब बराबरको पत्रकार सम्मेलनमा बताएका हुन् ।

पूर्वी क्षेत्रमा उत्पादित नेपाली अलैंची काँकडभिट्टा, विराटनगरलगायत देशभरका नाकाबाट भारत तथा तेस्रोमुलुतर्फ निर्यात हुने गरेको छ । महासंघका अनुसार अलैंची पछिल्लो बजार मूल्य ४० केजीको २८ हजार रूपैयाँ रहेको छ ।

नेपालमा उत्पादित अलैंची मुख्य बजार भनेको भारत भएकाले ९५ प्रतिशतभन्दा बढी अलैंची उत्तै निर्यात हुने गरेको छ ।

## – संक्षिप्त समाचार –

## कहाा–कहाा के–के भए विप्लवको बन्दमा ?

**काठमाडौं ।** नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले सो पार्टीका नेता एवं प्रशिद्ध जनकलाकार माइला लामाको रिहाइ माग गर्दै आज (बुधबार) आह्वान गरेको बागमती र नारायणी तथा रामेछाप र दोलखा बन्दका क्रममा देशका विभिन्न ठाउँमा विष्फोट र आगजनी भएका खबरहरू प्राप्त भएका छन् ।

बन्दको अवज्ञा गरेको भन्दै नेकपाका कार्यकर्ताहरूले मकवानपुरमा दुई वटा गाडीमा आगजनी गरेका छन् । फाखेल, हुमाने भन्ज्याङमा बा १४ च ८२३४ नम्बरको कार र मनहरि ज्यामिरेको खरङ्गामा बा ५ ख १७३९ नम्बरको ट्रकमा आगजनी भएको हो । हेटौंडाका विभिन्न स्थानमा शंकास्पद वस्तु पनि फेला परेका छन् ।

आगजनीका कारण कारमा पूर्ण रूपमा क्षति पुगेको छ भने ट्रकको अगाडिको भाग मात्र जलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक मुकेश सिंहले जानकारी दिएका छन् ।

त्यसैगरी, हेटौंडाका थानाभञ्याङ, चौकीटोल र हुप्राचौरको क्विक- २० नजिकै भेटिएका शंकास्पद् वस्तु सेनाको टोलीले निष्क्रिय पारेको छ । हेटौंडाको मुख्य बजारको पारिजातपथमा फेला परेको शंकास्पद वस्तु निष्क्रिय पार्न सेनाको टोली आउँदै गरेको प्रहरीले जनाएको छ ।

बन्दको अवज्ञा गरेको भन्दै नेकपाका कार्यकर्ताहरूले मकवानपुरमा दुई वटा गाडीमा आगजनी गरेका छन् । फाखेल, हुमाने भन्ज्याङमा बा १४ च ८२३४ नम्बरको कार र मनहरि ज्यामिरेको खरङ्गामा बा ५ ख १७३९ नम्बरको ट्रकमा आगजनी भएको हो । हेटौंडाका विभिन्न स्थानमा शंकास्पद वस्तु पनि फेला परेका छन् ।

आगजनीका कारण कारमा पूर्ण रूपमा क्षति पुगेको छ भने ट्रकको अगाडिको भाग मात्र जलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक मुकेश सिंहले जानकारी दिएका छन् । त्यसैगरी, हेटौंडाका थानाभर्याङ, चौकीटोल र हुप्राचौरको क्विक- २० नजिकै भेटिएका शंकास्पद् वस्तु सेनाको टोलीले निष्क्रिय पारेको छ । हेटौंडाको मुख्य बजारको पारिजातपथमा फेला परेको शंकास्पद वस्तु निष्क्रिय पार्न सेनाको टोली आउँदै गरेको प्रहरीले जनाएको छ ।

त्यसैगरी, काभ्रेपलाञ्चोकको बनेपा बजारमा मंगलबार राति बम विस्फोट भएको समाचार छ । बनेपा नगरपालिकास्थित उग्रेश्वर महादेव मन्दिर नजिकै मध्यराति बम विस्फोट भएको स्थानीयले बताएका छन् । जिल्ला प्रहरी कार्यालय काभ्रेले पनि बम विस्फोटको पुष्टि गरेको छ ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रमुख एसपी जयराज सापकोटाले भने- 'विस्फोट भएको जानकारी हामीले पाएका छौं, घटनास्थलमा प्रहरी पठाइएको छ र क्षतिको कुनै विवरण भने आएको छैन ।'

उता रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका- ३ को वडा कार्यालयमा मंगलबार मध्यराति आगजनी भएको समाचार छ । आगजनीबाट कार्यालयका सम्पूर्ण समान जलेर नष्ट भएको वडाअध्यक्ष रवि देवकोटाले जानकारी दिए । कार्यालयभित्र रहेका फर्निचर, कम्प्युटर, प्रिन्टर र दराजलगायतको सम्पूर्ण कागजात समेत जलेर नष्ट भएको उनले बताए । आगजनीको जिम्मा अहिलेसम्म कसैले लिएको छैन । आज ९१५ साउन० मा आह्वान गरिएको बन्दलाई नै लक्षित गरी बम राखिएको हुन सक्ने अनुमान गरिएको छ ।

सिन्धुपाल्चोकस्थित मेलम्ची नगरपालिका- १० को वडा कार्यालयमा पनि आगजनी भएको समाचार छ । मंगलबार राति आगजनी हुँदा वडा कार्यालय क्षतिग्रस्त भएको छ । वडा कार्यालयभित्र रहेका कागजातहरू जलेको स्थानीयले बताएका छन् ।

## सबै मलिरे मुलुक समृद्धिमा जुट्नुपर्नेमा खनालको जोड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले मुलुक समृद्धिको दिशामा अघि बढिसकेकाले विकास र निर्माणमा जुट्न कसैले रोक्न नसक्ने जिकिर गरेका छन् ।

विभिन्न पार्टी परित्याग गरी नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा आवद्ध हुन लागेका इलामस्थित माई नगरपालिकामा नवप्रवेशी कार्यकर्तालाई स्वागत गर्दै उनले सरकारले समुन्नत विकासमा ध्यानकेन्द्रित गरेकले मुलुकमा विकासको लहर अघि बढेको दावी गरेका हुन् ।

मुलुक समृद्ध हुनका लागि भौतिक पूर्वाधार र सामाजिक विकासलाई एकैसाथ अघि बढाउन वर्तमान सरकारलाई नेता खनालले आग्रह समेत गरे । 'सरकारले सबै पक्षलाई समेटेर काम गर्नुपर्छ,' नेता खनालले थपे- 'सबै पक्षलाई समेटे मात्र मुलुकमा दिगो विकास हुन्छ ।' नेता खनालले सरकारले दुई तिहाइको दम्भ र घमण्ड नदेखाइ काम गर्नुपर्ने बताउँदै नेता खनालले थपे 'सरकारभन्दा पार्टी ठूलो हो, दुई तिहाइको दम्भ देखाए पार्टी दुर्घटना हुन सक्छ ।'

कार्यक्रमबीच नेकपा प्रवेश गरेका नेपाली काङ्ग्रेस र समाजवादीबाट प्रवेश गरेका ३० जनाभन्दा बढी कार्यकर्ताले नवप्रवेशीलाई स्वागत गर्दै नेता खनालले पार्टीले कार्यकर्ता प्रशिक्षण कार्यक्रम चाँडै शुरु गरिने समेत बताए ।

नेकपा प्रवेश गरेका प्रदेश नं १ प्रदेशसभा सदस्य धिरेन्द्र शर्मा, राम राना, काजीमान कागतेलगायतले आ-आफ्नो धारणा समेत व्यक्त गरेका थिए ।

# छुट्टाछुट्टै स्थानमा आगजनी : विप्लव नेकपाका कार्यकर्तामाथि आरोप

**काठमाडौं ।** सरकारले देशभरका विभिन्न जिल्लास्थित नगरपालिका तथा गाउँपालिकाका वडा कार्यलयमा रूपमा क्षति पुगेको वडाध्यक्ष वीरेन्द्र केसीले भनाइ छ। सबै आगजनीका घटनाहरू विप्लव समूहले नै आगजनी



गराइएको बम विस्फोटनसहितका आगजनीका घटनामा नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको प्रतिबन्धित नेकपाको संलग्नता रहेको आशंका गरेको छ।

आज्ञत समूहले गराएको विस्फोटसहित आगजनीका घटनासँगै सरकारले विप्लव नेकपाका नेता-कार्याकर्तालाई भकाभक पक्राउ गर्ने क्रमलाई तीव्रता दिएको छ ।

सोही क्रममा डोटीस्थित शिखर नगरपालिका-७ को वडा कार्यालयमा आगजनी गरेको आरोप लगाउँदै विप्लवका कार्यकर्ता दीर्घबहादुर कुँवरविरुद्ध जिल्ला प्रहरी कार्यालय किटानी जाहेरी परेको छ।

कुँवरविरुद्ध वडाध्यक्ष नरबहादुर बलायरले किटानी जाहेरी दिएका हुन्। उक्त कार्यालयमा यही साउन १२ गते राति आघत समूहले गराएको आगजनीबाट सम्पूर्ण कागजात, फर्निचरसहित भवन जलेर नष्ट भएको हो ।

यसअघि साउन ७ गते पनि डोटीकै कै जोरायल गाउँपालिका-४ स्थित वडा कार्यालयमा पनि अज्ञात समूहले गरेको आगजनी वडाध्यक्ष र वडासचिवको कार्यकक्षमा रहेका सम्पूर्ण कागजात, फर्निचरलगायतका सामग्री जलेर नष्ट भएका थिए। घटनास्थलमा भेटिएको मोबाइल सेटको आधारमा प्रहरीले शंकाका आधारमा एक व्यक्तिलाई नियन्त्रणमा लिए पनि परिचय भने खुलाएको छैन।

उक्त वडा वडाध्यक्ष नन्दलाल भट्टले विप्लव समूहका स्थानीय एक कार्यकर्ताको संलग्नता भएको हुनसक्ने पोल लगाएपछि प्रहरीले मोबाइल र वडाध्यक्षको भनाइलाई आधार मानेर सो व्यक्तिलाई पक्राउ गरेको भनिएको छ। यसअघि जेठको १४ गते राति बडीकेदार गाउँपालिका-४ मान्नाकापडीको वडा कार्यालयमा समेत भएको सोही प्रकृतिको आगजनीबाट वडा कार्यालय पूर्ण गराएको अड्कलबाजी गर्दै सम्बन्धित वडाअध्यक्षहरू किटान किटानी जाहेरी दिएका हुन्। जिल्लास्थित स्थानीय तहलाई तारो बनाउन थालेको भन्दै प्रतिबन्धित नेकपाको संलग्नतामा नै सबै आगजनीका घटनाहरू भएको आरोप लगाउँदै जनप्रतिनिधिहरूले विप्लव समूहसँग आक्रोशित बनेका छन्। 'तीन कार्यालयमा आगो लागिसक्यो, कुनै कारवाही भएको देखिँदैन', शिखर नगरपालिका-१ का वडाध्यक्ष खडकबहादुर शाहीले भन्ने 'आगो लाग्दै गर्ने, पक्राउ कोही नपर्ने हो भने अपराधीको मनोबल बढ्छ, गलत गर्नेलाई कानुनी सजाय हुनुपर्छ।'

उता नुवाकोटस्थित ककनी गाउँपालिका- १ को वडा कार्यालयमा अज्ञात समूहले बम विस्फोट गराउँदा कार्यालयमा रहेको सम्पूर्ण उपकरण तथा कागजात जलेर नष्ट भएका छन्। उक्त वडाका अध्यक्ष चन्द्रबहादुर श्रेष्ठकाअनुसार ५-६ जनाको समूहमा आएका अज्ञात समूहले रातमा समयमा बम विस्फोटनसहित आगजनी गराएका हुन्।

यता राजधानी नजिकै सिन्धुपाल्चोकस्थित मेलम्ची नगरपालिका- १० को वडा कार्यालयमा समेत अज्ञात समूहले आगजनी गराउँदा कार्यालयसहित सम्पूर्ण कागजातसहित ध्वस्त भएको इलाका प्रहरी कार्यालय मेलम्चीले बताएको छ। इप्रका मेलम्चीका प्रहरी निरीक्षक महेन्द्र दर्नालकाले ह्याक्सोको ब्लेडले ताल्चा काटेर कार्यालयभित्र छिरेका अज्ञात व्यक्तिले आगजनी गराइएको जानकारी दिए।

यसैबीच रौतहटको चन्द्रपुर नगरपालिका- ३ को वडा कार्यालयमा आगजनी गरेको आरोपमा गैंडाटारका रेवप्रसाद मैनालीलाई प्रकाउ गरिएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरीक्षक कवित कटुवालले बताए।

# सवारी दुर्घटनामा परी दुईको मृत्यु

**मकवानपुर ।** जिल्लास्थित हेटौंडा उपमहानगरपालिकामा सवारी दुर्घटनामा परी दुई जनाको ज्यान गएको छ। हेटौंडाको बसामाडीमा मोटरसाइकल र ट्रक एकापसमा ठोक्किँदा मोटरसाइकलमा सवार सौरभ सुवेदी तथा अस्मित सुनारको मृत्यु भएको हो।

हेटौंडाबाट बसामाडीतर्फ जाँदै गरेको ना३८प ५३३२ नम्बरको मोटरसाइकल र चितवनबाट हेटौंडातर्फ लागेको ना६ख १५०० नम्बरको ट्रक महेन्द्र राजमार्गअन्तर्गत हेटौंडा-३ बसामाडीमा एकापसमा ठोक्किँदा ज्यान गएको हो। सुनारको चितवनस्थित पुरानो मेडिकल कलेज तथा सुवेदीको हेटौंडास्थित चुरेहिल अस्पतालमा उपचार गर्दैगर्दा ज्यान गएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले बताएको छ।

# ऊर्जा मन्त्रालयमा कार्यसम्पादन करार सम्झौता

**काठमाडौं ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसँग मन्त्रालय मातहतका तीन सचिवले कार्यसम्पादन करार सम्झौता गरेका छन्।



सोही समारोहमा मन्त्री पुनसँग ऊर्जा सचिव दिनेशकुमार घिमिरे, जलस्रोत सचिव डा सञ्जय शर्मा र जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव डा रमेशप्रसाद सिंहले कार्यसम्पादन करार सम्झौतामा हस्ताक्षर गरेको हो।

'सबैभन्दा राम्रो परिणाम निकाल्ने, सुशासन र कार्यसम्पादनमा समेत अन्य मन्त्रालयभन्दा उच्चस्तरको नतिजा निकाल्ने गरी काम गर्नुस्,' सम्झौतापछि मन्त्री पुनले मन्त्रालयको कामलाई प्रभावकारी बनाउन र परिणाम निकाल्ने गरी काम गर्न निर्देशन दिए। प्रधानमन्त्रीसँग मन्त्रीहरूले पनि कार्यसम्पादन करार सम्झौता गरेको उल्लेख गर्दै मन्त्री पुनले मन्त्रालयका सचिव र सचिवले मातहतका अन्य विभाग र आयोजना प्रमुखसँग पनि सोही खालको सम्झौता गर्ने भन्दै उनले जनताले खोजेको अपेक्षालाई पूरा गर्ने गरी काम हुनुपर्नेमा जोड दिए।

उनले चालू आवलाई परिणाम दिने वर्षको रुपमा अगाडि बढाउनुपर्ने भन्दै आर्थिक वर्ष २०७५/७६ लाई आधार वर्षको रूपमा बिताएको समेत उल्लेख गरे। देश र जनताको अपेक्षालाई पूरा गर्न सुशासन कायम गर्न तथा जिम्मेवार कार्यसम्पादनका लागि त्यस्तो सम्झौता गर्ने गरिएको मन्त्री पुनको भनाइ थियो। मन्त्री पुनले सकारात्मक परिणाम निकाल्नका लागि सम्बद्ध सचिव र उपस्थित कर्मचारीलाई निर्देशन समेत दिए।

# एनसेलका दर्जनौंटावरमा आगजनी

**काठमाडौं ।** मुलुकका विभिन्न जिल्लामा रहेको झण्डै दुई दर्जन टेलिफोन सेवा प्रदायक कम्पनी (एनसेल) र नेपाल टेलिकमको टावरमा नेत्रविक्रम चन्द विप्लव समूहले आगजनी गरी क्षति पुऱ्याएको छ।

प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार २२ वटा एनसेल टावर र एउटा नेपाल टेलिकमको टावरमा यसरी आगजनी भएको हो। बुधबार साँझदेखि आज बिहान ११ बजेसम्मको विवरणअनुसार धेरै स्थानमा जुटको बोरामा आगो सल्काएर आगजनी गरेको प्रहरीले जनाएको छ।

प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक विश्वराज पोखरेलले विप्लव समूहले नै आगजनी र तोडफोड गराएको जानकारी दिँदै अर्घाखाँचीको घटनामा संलग्न रहेको आरोपमा एक जनालाई पक्राउ गरिएको बताए।

प्रहरीकाअनुसार कपिलवस्तु, कैलाली, झापा, डडेलधुरा, डोटी, धादिङ, पूर्वी नवलपरासी, पर्वत, पाँचथर, बाँके, बाग्लुङ, मोरङ, म्याग्दी, रूपन्देही, ललितपुर, सिन्धुपाल्चोक, अछाम, सल्यान र मकवानपुर जिल्लाका विभिन्न स्थानमा रहेको एनसेलको २२ वटा टावरमा आक्रमण भएको हो।

यस्तै अर्घाखाँचीको पाँणेनी नगरपालिका- ५ स्थित नेपाल टेलिकमको टावरमा समेत आगजनी गरिएको प्रहरीले जनाएको छ। ललितपुरमा भने प्रेसरकुकरमा तार जोडेको अवस्थामा बम फेला परेकाले लगनखेलबाट गएको सेनाको टोलीले निस्क्रिय (डिस्पोज) गरेको प्रहरीले जानकारी दिएको छ।

# निजी शैक्षिक संस्थाको शुल्कवृद्धि विरुद्ध ज्ञापनपत्र

**काठमाडौं ।** निजी शिक्षण संस्थाको चर्को शुल्क फिर्ता लिन माग गर्दै नेपाल विद्यार्थी संघले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेललाई भेटेर ज्ञानपत्र बुझाएको छ।

ज्ञापनपत्र बुझाउँदै नेविसङ्घका नेता लिलावल्लभ दाहालले कक्षा ११ र १२ को भर्नाको क्रममा निजी शैक्षिक संस्थाले चर्को शुल्क असुलेको आरोप लगाएका हुन्। निजी शिक्षण संस्थाले बेथिती नरोके नेविसङ्घले सडक सङ्घर्ष गर्ने उनको भनाइ थियो।

नेविसङ्घका नेता मोतीलाल भण्डारीले विद्यालय तहदेखि नै विश्वविद्यालयसम्मको सरकारी शिक्षा धरासयी बन्दै जानु र नीजी शिक्षामा मनोमानी ढङ्गले रकम उठाएकाले विद्यार्थी मारमा परेको बताए।

भेटका क्रममा शिक्षामन्त्री पोखरेलले कक्षा १२ सम्मको शिक्षा स्थानीय तहले हेर्ने गरेको बताउँदै कार्यविधि बनाएर चर्को शुल्क घटाउन सरकार लाग्ने बताए। चाँडै तीन तहको सरकारबीच छलफल गरी शिक्षा क्षेत्रमा देखिएको अन्योलता हटाउने मन्त्री पोखरेलले सुनाए।

# बल्खु र पेरिसडाँडामा सहिदप्रति मन्त्री भट्टराईद्वारा माल्यार्पण

**काठमाडौं ।** नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले मदन भण्डारीको सालिकमा माल्यार्पण गरेका छन्।



मन्त्रीमा नियुक्त भएलगत्तै तत्कालीन नेकपा (एमाले)को पुरानो पार्टी कार्यालय बल्खु पुगेर भण्डारीको सालिकमा फूलमाला चढाए भने नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को पेरिस डाँडास्थित पार्टी कार्यालयमा शहीद तथा बेपत्ता व्यक्तिको स्मरणमा बनाइएको शहीद तथा बेपत्ता योद्धा स्तम्भमा समेत माल्यापर्ण गर्दै शहीदप्रति श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

शहीदको बलिदानबाटै अहिले हामी यो अवस्थामा आइपुग्न सफल भएको बताउँदै उनले नेपाल वायुसेवा निगमको साखलाई उचाइ पुऱ्याउने र निर्माणाधीन पोखरा, बारा तथा लुम्बिनी अन्तरर्राष्ट्रिय विमानस्थललाई निर्धारित समयभन्दा चाँडै नै बनाइने समेत बताए।

रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित
रामेछाप पोष्ट
खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार
जनप्रवाह साप्ताहिक
खोजीखोजी पढ्ने गरौं ।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- अपराध पीडितलाई पीडकबाट क्षतिपूर्ति भराइदिने, मुद्दा फैसला नहुँदै अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने तथा सामाजिक न्याय सहितको पुनर्स्थापनाको हक हुने,
- बालबालिकालाई कसुर गर्न लगाएमा कसुर गर्न लगाउने व्यक्तिलाई सजाय हुने,
- कसुरदारले अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा सघाउ पुऱ्याएमा पचास प्रतिशतसम्म सजाय छुट हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## पार्टी...

नलागेको उल्लेख गरे। 'कम्युनिस्ट आन्दोलनको विस्तार र कम्युनिस्ट शक्तिबीचको एकता नै उहाँको स्वार्थ थियो' कार्यक्रमबीच अध्यक्ष दाहालले भने।

दुईतिहाइ जनमत प्राप्त सरकारले गरेका जनपक्षीय कामको फेहरिस्त सुनाउँदै अध्यक्ष दाहालले सरकारका कामलाई अझ प्रभावकारी रूपमा अगाडि बढाइने पनि बताए।

वैचारिक निष्ठा, उद्देश्य र कम्युनिस्ट आन्दोलनप्रति जीवनभर समर्पित कर्माचार्यले मार्क्सवादी मूल्यमान्यतालाई आफ्नो जीवन व्यवहारमा उतारेको अध्यक्ष दाहालको टिप्पणी थियो।

कम्युनिस्ट आन्दोलनभित्रका विसंगति र विकृतिविरुद्ध संघर्ष गर्दै आएका कर्माचार्य जहिले पनि सबै कम्युनिस्ट पार्टीहरूबीच एकटा होस् भन्ने पक्षमा रहेको अध्यक्ष दाहालको भनाइ थियो।

यस्तै सरलता, स्वाभाविकता, पारदर्शिता, इमानदारिताको पर्यायका रूपमा रहेका कर्माचार्यको आदर्शबाट आफ्नो जीवन राष्ट्र र जनताका निम्ति समर्पित गर्ने र प्रेरणा लिने दिनका रूपमा उनको स्मृति दिवसलाई लिन सकिने अध्यक्ष दाहालले उल्लेख गरे।

कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल र संस्थापक सदस्य कर्माचार्य तथा तुलसीलाल अमात्यको स्मृति पर्ने भएकाले साउन महिनालाई उनीहरूको गुणबाट शिक्षा र प्रेरणा लिई अगाडि बढ्ने अवसरका रूपमा लिनुपर्ने अध्यक्ष दाहालको भनाइ थियो।

कार्यक्रममा नेकपाका वरिष्ठ नेता माधवकुमारले 'दिवंगत कर्माचार्य जहिल्यै पनि कम्युनिस्ट शक्तिबीचको एकताका पक्षमा रहेको स्मरण गरे।

कार्यक्रममा नेकपा स्थायी कमिटीका सदस्य लीलामणि पोखरेल, महासचिव विष्णु पौडेल, प्रवक्ता नारायणकाजी श्रेष्ठलगायत नेताकार्यकर्ताको सहभागिता रहेको थियो।

वि.सं. २००५ देखि प्रजातन्त्र संघमा संलग्न भई राणाविरोधी आन्दोलन र मजदुर आन्दोलनमा सक्रिय कर्माचार्य २००६ वैशाख १० गते नेकपा स्थापना गर्नेमध्येका एक थिए।

पुष्पलाल श्रेष्ठको नेतृत्वमा नारायणविलास जोशी, निरञ्जनगोविन्द वैद्य, कर्माचार्य र मोतीदेवी श्रेष्ठ मिलेर भारतको कोलकातामा नेकपा गठन गरेका थिए।

जवीनको अन्तिम क्षणसम्म राजनीतिमा सक्रिय कर्माचार्य दाहाल नेतृत्वको तत्कालीन एकीकृत नेकपा माओवादीका संरक्षक रहेकै अवस्थामा ८९ वर्षको उमेरमा २०७० साउन ९ गते भौत्तिक संसारबाट लिएका थिए।

## कर्मचारी...

गर्ने चेतावनी समेत मन्त्री खनालले सोही क्रममा दिए।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीसँग मन्त्रालयको चालू आर्थिक वर्षको कार्ययोजना पूरा गर्ने प्रतिवद्धता सहितको 'कार्ययोजना सम्झौता' गरेको भन्दै सोहीअनुरूप लाग्न मातहतका कर्मचारीहरूलाई भनेका थिए।

मन्त्री खनालले काम गर्न नसक्ने आयोजना भए आफूलाई पहिले नै जानकारी गराउन समेत कर्मचारीहरूको ध्यानाकर्षण समेत गराए।

## भट्टराईलाई...

'फेसबुकमा लेखिन्- 'आफ्नै कारण अप्ठ्यारोमा परेकाले मुठ्ठी केही खुकुलो बनाउनु पऱ्यो, जसको कारण योगेश दाइलाई मन्त्री बनाइयो।'

नेतृ झाँक्रीले मन्त्री भट्टराई 'भुंग्रोमा परेको' उल्लेख गर्दै अगाडि लेखेकी छन्- 'सरकार अलोकप्रियताको भुँग्रोमा छ, दाइ त्यही भुंग्रोमा पर्नुभयो अहिले।

मेरी आमा भन्नुहुन्थ्यो- जुन भुंग्रोमा परे पनि निस्कनुपर्छ। हो, @yogesbhattarai भुंग्रोबाट निस्कनुपर्छ, हार्दिक बधाई अनि शुभकामना!' झाँक्रीको टिप्पणी थियो।

## दुई अध्यक्ष...

सक्रियताका साथ लाग्न निर्देशन दिएका थिए।

सोही क्रममा पार्टी प्रदेश अध्यक्ष ओनसरी घर्तीले पार्टी एकता एउटा महत्वपूर्ण उपलब्धि भएकाले एकताको जगलाई अझै बलियो बनाउन पार्टी नेतृत्वको निर्णयलाई पालना गर्नुपर्नेमा जोड दिएकी थिइन्।

कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज लीला गिरी, प्रदेश सचिव जोगप्रसाद शर्मा लगायतले पार्टी एकताको सन्देश आम जनतासम्म पुऱ्याउन जिम्मेवारी पूर्वक लाग्न नवनियुक्त नेताहरूहरूलाई आग्रह गरे।

कार्यविभाजन अनुसार जिल्लामा विभिन्न विभागको जिम्मेवारीमा स्कुलिङ विभाग प्रमुखमा पार्टी जिल्ला अध्यक्ष शिवराज सुवेदी, सङ्गठन र प्रशासन तथा राजकीय मामिला विभागमा जिल्ला प्रमुख सचिव नारायण जिसी छानिएका छन्।

प्रचार विभाग प्रमुखमा मोहन चापागाईंका अनुसार बैठकले कोष तथा आर्थिक व्यवस्थापन र उद्योग व्यवसाय विभाग प्रमुखमा गोपाल राना, अर्थ तथा योजना विभाग प्रमुखमा मीनप्रसाद पौडेल, प्रचार विभाग प्रमुखमा मोहन चापागाई, सहकारी विभाग प्रमुखमा ऋषि सापकोटा, स्थानीय तह विभाग प्रमुखमा चित्रबहादुर कार्कीलाई जिम्मेवारी तोकेको हो।

बैठकले कानून विभागमा खुमाकान्त पौडेल, सामाजिक सेवा विभागमा खेमप्रसाद लुइँटेल, शिक्षा तथा मानवस्रोत विभागमा युवराज घिमिरे, कृषि तथा भूमिसुधार विभागमा अयोध्या थारु र वन तथा वातावरण विभागमा बेद गिरीलाई जिम्मेवारी तोकिएको छ।

यसैबीच जिल्लाका पाँच निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं- १ मा यज्ञ गैरे, २ नं-मा तेजेन्द्र केसी, ३ नं मा हितराज पन्थी, ४ नं मा गुलाम अली र क्षेत्र नं-५ मा नरबहादुर थापालाई जिम्मेवारी दिइएको छ।

# मालतीको सुसाइड-नोट

**– कथा –**

**डीपी ढकाल**

धेरै समयदेखि मेरो सपनामा मालती भाउजु आइरहन्छिन्। उनी जीवित रहँदा मुस्किलले एक दर्जन पटक मेरो र उनको कुरा भएको हुँदो हो। तर उनको शंकास्पद मृत्यु भएको करिव दुई दशकमा सयौं पटक उनीसँग सपनामा कुरा भएको छ। गाउँमा सानो हुँदा मरेको मानिससँग कुरा भयो भने बाँचेको मान्छे पनि मर्छ भन्थे।

तर, किन हो मरिसकेकी मालती भाउजूसँग धेरैपटक कुरा हुँदा पनि मलाईचाहिँ केही भएन।

म सात वर्षको जति हुँदा भाउजू करिव चौध वर्षकी थिइन् होला। करिव पच्चीस वर्षका मेरा छिमेकी दाजुको श्रीमतीको रूपमा छिमेकी गाउँबाट उनी हाम्रो गाउँमा आइपुगेकी थिइन्।

मालती भाउजू असाध्यै राम्रो अनुहारकी थिइन्।

छोटै समयमा गाउँभरि उनको रूपको प्रशंसा हुन्थ्यो- 'कैलेको अनुहार नराम्रो भए पनि बूढीचाहिँ राम्री भेटायो है।

मोरो गरिब भए पनि बुढीचाहिँ राम्री पायो है, मोरोको विहे नै हुँदैन कि भनेको त यति राम्री श्रीमती पायो।'

यस्तै-यस्तै कुरा हुन्थ्यो गाउँमा।

विहे भएको त्यस्तै तीन महिनापछि गाउँमा एउटा अशुभ खबरले सनसनी मच्चायो।

पारी डाँडामा घाँस काट्न गएकी मालती भाउजूले चिउलीको बोटमा पासो लगाएर आत्महत्या गरिन्।

खबर अपत्यारिलो र दुःखद् थियो। गाउँका मान्छेहरूको पछि लागेर म पनि पारि भिरमा गए। जाँदा पासो लगाएको डोरी काटी सकिएको थियो। त्यति राम्री भाउजूको शव आँखा देख्दा आँसु थामिनी कुरै थिएन।

गाउँलेहरूले धेरैबेरसम्म कुरा गरे।

कसैले प्रहरी र माइती पक्षलाई खबर नगरी लास जलाउन हुँदैन भने। कसैले सदरमुकाम जाँदा र माइती पक्षलाई खबर गर्दा लास रात बस्ने हुन्छ भने।

अन्ततः परिवारले जे भन्छ त्यही गर्ने सहमति भयो। परिवारका तर्फबाट भाउजूको लोग्ने खैरे दाइले भने, 'मर्ने राँ मरिहाली केको दुःख गर्नु, अब लगेर जलाउने हो।' फेरि झमेला आउला नि मोरा भनेर भीडबाट कसैले भन्यो।

तत्काल खैरे दाइले प्रतिवाद गर्दै भने, 'ह्या, जेसुकै होस्, लाने हो, जलाएर आउने हो।'

त्यसपछि लास जलाउन मलामी हिँडे, हामी केटाकेटी भने घरतिर फर्कियौं। त्यो रात मालती भाउजूलाई सपनामा देखेपछि म कम्ता आत्तिएको थिइनँ।

आमाले झन् मरेको मान्छे हेर्न नजा भनेको मानिनस् भनेर गाली गरेपछि मैले सपनामा मालती भाउजू आएको कुरा पनि भन्न छाडें।

तर, मालती भाउजू मेरो सपनामा आउन छाडिनन्।

सपनामा आउदा प्रायः मालती भाउजूले भन्ने एउटै कुरा हुन्थ्यो, 'बाबु, सन्चै छौ ? राम्रोसँग पढेर ठूलो मान्छे बन्नु है।' यति भनेर उनी हराउँथिन्। गत राति भने भाउजूले सपनामै धेरै कुरा बताइन्। एक ढंगले भन्दा उनले आफ्नो आत्महत्याको बकपत्र नै सुनाइन्।

सधैंझै सन्चो-बिसन्चोबाट सुरु भएको उनको कुराकानी उनको आत्महत्याको साविती बयानमा पुगेर टुंगियो।

सपनामै आउँदा पनि उनको अनुहारमा एक प्रकारको चमक हुन्थ्यो। तर, सधैंको झैं उनको अनुहारमा आज चमक देखिएको छैन।

उनको अनुहारमा एक प्रकारको सीमान्त उदासीपन देखिएको छ।

उनले आफ्नो जीवनको दर्दनाक इतिवृत्तान्त यसरी सुनाइन्- 'बाबु म सानो हुँदा पढ्न खुब रहर गर्थें। सानोमा भाइको किताब हेरेर क-ख लेख्न सिकेको थिएँ।

बा म पनि स्कुल जान्छु भनेर धेरैपटक भनें, तर मेरो भाग्यमा त्यो लेखेको रहेनछ।

भाइलाइ पढाउन त पैसा छैन, तँ अर्काको घरमा जाने जातलाई कसरी पढाउनु ? बाको यो झर्रो जवाफले म पटक-पटक मुर्छित हुन्थें। आशाको त्यान्द्रो नमरुन्जेल स्कुल पढाउन भनिरहें, तर स्कुल जान पाइनँ। घरमा खान पुग्ने अन्न हुँदैनथ्यो।

बा-आमा र मैले मेलापात गरेकै भरमा पाँचजनाको परिवार पाल्न धेरै गाह्रो थियो।

म १२ वर्षकै भएदेखि नै माग्न हिँड्न थालें।

धान फल्ने खेत र वर्षभरि खान पुग्ने ठाउँबाट माग्न आएका छन्, तेरो विहे गरिदिने भए भनेर बाले सुनाए। मेरो विहे हुँदै थियो। मैले केटा रोज्न त परै जाओस् अनुहार हेर्न समेत पाइनँ। मेरो जीवनमाथि मेरो हक थिएन, अरू कसैको थियो।

विहेपछि वर्षभरि टन्न खाना खान पाइन्छ भन्ने कुराले मेरो मन एक प्रकारले आफैं बुझेको थियो। तर, के गर्नु घरै पिँडालु वनै पिँडालु मामाघर जाँदा बाह्र हात लामो पिँडालु भनेझैं भयो।

माग्न आउँदा भनिएका कुरा झुट रहेछन्।

माइतीमा भन्दा पोइको घरमा झन् भयानक गरिबी रहेछ।

बाले मलाई किन यति सानो उमेरमा यति पाको उमेरको केटासँग पठाएका होलान् ?

त्यो पनि यति साह्रो गरिब परिवारमा ? मनभित्रै जलन भइरहन्थ्यो। दुल्हन फर्काउन जाँदा म आमा र बा दुवैको काखमा बसेर बेस्सरी रोए।

मलाई किन त्यस्तो घरमा दियौ, म अब जान्न भनें।

आमाले त नजा न त सम्म भनेकी थिइन्, तर बाले घर बिग्रन्छ जा मात्र भनेनन्, छोरीको घर बिगार्छेस् भनेर आमालाई समेत हपारे।

जुन घरमा म जन्मेकी थिएँ त्यो घरमा मैले थाहा नपाईकन मेरा लागि दैलो बन्द भइसकेको रहेछ। म भोलिपल्ट लोग्नेको पछि लागेर फर्कें। लोग्ने त के भन्नु, ऊ समाजबाट वैधानिकता प्राप्त मेरो बलात्कारी थियो।

मेरो जीवन र शरीरको मालिक थियो।

जाने कुनै ठाउँ थिएन, न त कुनै बाटो नै थियो। नियतिले मलाई रुँदै-रुँदै त्यसकै पछि लगायो जसले मलाई निरन्तर बलात्कार गर्दथ्यो। माइतबाट फर्केपछि मेरा दुःख अझ थपिए।

लोग्ने भनाउँदोले माइतीमा कुरा लगाएको भनेर घरमा कुरा लगायो।

त्यस दिनदेखि सासू-ससुरा र लोग्नेको कुटाइ खानुपर्ने बाध्यता थपियो। भोको पेटमा दिनभरिको काम, रातभरिको यातना र बलात्कार। न कसैको सहारा। यही विवशताको बीचबाट मैले मृत्युको बाटो रोजें। बाबु, मलाई मर्न बाध्य पारियो।' यति भन्दै मालती भाउजू बेस्सरी कोक्किइ-कोक्किइ रोइन्। म झल्यास्स ब्युझिएँ।

मेरा आँखाबाट पनि आँसु बगिरहेको रहेछ। तौलियाले आँसु पुछ्दै बरन्डामा निस्किएँ।

मन अमिलो भयो।

मालतीहरूमाथि कहिले न्याय होला ? अब कोही पनि मालती बन्न नपर्ने दिन कसरी ल्याउने होला ? ***–समाचार दैनिक****बाट*

# आचरण र कार्यशैली बदल्नु पर्नेमा रक्षामन्त्रीको जोड

**काठमाडौं।** उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले कर्मचारीमा असल कार्य संस्कृतिको विकास हुनुपर्ने बताएका छन्।

नेपाल निजामति कर्मचारी सङ्गठनद्वारा आयोजित 'शहीद मनोज-झपेन्द्र स्मृतिसभा तथा पुरस्कार वितरण' समारोहलाई सम्बोधन गर्दै उनले कर्मचारीले आफूलाई परिवर्तन गरी असलकार्य संस्कृतिमा बदल्नुपर्ने बताए।

उनले भने 'कर्मचारीतन्त्रमा एउटा पेशागत दायित्व रहेको छ भने अर्को सामाजिक दायित्व समेत रहेको छ। ती दुवैलाई मिलाएर असलकार्य संस्कृतिको विकास गर्न जरुरी रहेको छ।' उनले सीमा अतिक्रमण, गैरनागरिकलाई नागरिकता, सार्वभौमसत्तामा अहिले पनि चुनौती थपिएकोले त्यसको बचाउन कर्मचारीको भूमिका रहनुपर्ने बताए।

'हिजोको घङधडी, आग्रह, गलग आदतको अभ्यासबाट कर्मचारीतन्त्र चल्दैन,' उनले थपे 'अब आफूलाई परिवर्तनशील बनाई मुलुक सार्थक निर्माण गर्नीतिर लाग्नुपर्दछ।'

कर्मचारीतन्त्र उत्पादकत्व र गुणस्तरीय सेवा दिनुपर्ने समेत बताउँदै रक्षामन्त्री पोखरेलले मुलुकको अर्थतन्त्र दलाल पुँजीवादीको हातमा रहेको त्यसलाई बचाउन काम कर्मचारीको रहेको समेत बताए।

उपप्रधानमन्त्री पोखरेलले सरकार परिवर्तन मुख्य नभइ प्रणाली परिवर्तन रहेको उल्लेख गर्दै कर्मचारी प्रणाली परिवर्तन गर्नीतिर लाग्नुपर्ने उल्लेख गरेका छन्। उनले ट्रेड युनियनको अधिकार संविधानमा नै उल्लेख गरिएकोले खारेज नहुने जानकारी गराए।

कार्यक्रममा सङ्गठनका अध्यक्ष केदार देवाकोटाले सरकार सफल बनाउन कर्मचारीले हरतरहले सहयोग गरिरहेको बताए। कार्यक्रममा सर्वोकृष्ट जिल्ला कार्य समितिमा सुनसरी जिल्लालाई पुरस्कार प्रदान गरेका थिए।

**कोसेली मिडिया सपोर्ट प्रा.लि.का लागि प्रकाशक/प्रधान सम्पादक** : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं